# आकाशवाणी

October 20th, 2026 Tuesday

**प्रमुख समाचार:**

- आतंकवाद यस क्षेत्रको शान्ति र विकासको लागि गम्भीर खतरा रहेको रक्षामन्त्री राजनाथ सिंहको भनाइ
- विदेशमन्त्री डा. एस. जयशंकर र अमेरिकी विदेशमन्त्री मार्को रुबियोबीच वार्ता
- भारत-न्यूजील्याण्ड मुक्त व्यापार सम्झौता आजदेखि लागू
- अनि भारतले जापानको आइची-नागोयामा आयोजित एसियाली पारा खेलकुदमा अहिलेसम्म नौ स्वर्ण, एघार रजत र पन्ध्र कांस्य सहित कुल ३५ पदक जित्न सफल

Rajnath – SCO – Meeting

रक्षामन्त्री राजनाथ सिंहले भन्नुभएको छ, आतंकवाद यस क्षेत्रको शान्ति र विकासको लागि गम्भीर खतरा हो। आज ताजिकिस्तानमा आयोजित सांघाई सहयोग संगठन (SCO) राष्ट्र प्रमुख परिषद्को बैठकमा बोल्दै श्री सिंहले आतंकवादी सञ्जालहरूलाई भत्काउन सामूहिक प्रयास गर्न SCO लाई आह्वान गर्नुभयो।

रक्षामन्त्रीले सांघाई सहयोग संगठनको २५ वर्षको यात्राले आफ्ना उपलब्धिहरूको समीक्षा गर्न र यसको भविष्यबारे  छलफल गर्न अवसर प्रदान गरेको बताउँदै सुरक्षा, कनेक्टिभिटी र अवसरलाई सहयोगका तीन प्रमुख स्तम्भको रूपमा वर्णन गर्नुभयो।

Jaishankar – Marco Rubio

विदेशमन्त्री एस. जयशंकरले आज मुम्बईमा अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग वार्ता गर्नुभयो। वार्तामा अन्य विषयहरू लगायत क्षेत्रीय विकासहरूबारे पनि छलफल भएको डा. जयशंकरले सामाजिक सञ्जाल पोस्टमा उल्लेख गर्नुभएको छ। मार्को रुबियो आज बिहान मुम्बई आइपुग्नुभएको हो। विदेश मन्त्रालयले सामाजिक सञ्जाल पोस्टमा भनेको छ, यो भ्रमणले भारत-अमेरिका व्यापक रणनीतिक साझेदारीलाई अगाडि बढाउने अवसर प्रदान गर्नेछ।

Jaishankar – UAE

यसअघि विदेशमन्त्री एस. जयशंकरले आज मुम्बईमा संयुक्त अरब इमिरेट्स (युएई) का उपप्रधानमन्त्री शेख अब्दुल्लाह बिन जायद अल नाह्यानसँग भेट गर्नुभयो। यस अवसरमा बोल्दै डा. जयशंकरले विश्वव्यापी चुनौती र क्षेत्रीय कठिनाइहरूको बाबजुद पनि भारत र युएई बीचको आर्थिक साझेदारीले यस वर्ष नयाँ मापदण्डहरू स्थापित गरिरहेको बताउनुभयो।  उहाँले व्यापक आर्थिक साझेदारी सम्झौता (सीईपीए) मा हस्ताक्षर भएदेखि दुई देशहरू बीचको द्विपक्षीय व्यापार १०० अर्ब डलर नाघेको उल्लेख गर्नुभयो।

Foreign Secretary – USA

विदेश सचिव विक्रम मिश्रीले आज मुम्बईमा अमेरिकी कांग्रेसका कर्मचारीहरूसँग भेट गर्नुभयो। उहाँले भारत-अमेरिका साझेदारीको महत्त्व, द्विपक्षीय सम्बन्ध, जन-सम्पर्क, र दुई लोकतान्त्रिक देशहरू बीच प्रविधि र रक्षा सहयोगलाई अगाडि बढाउन अमेरिकी कांग्रेसको महत्त्वपूर्ण भूमिकामाथि प्रकाश पार्नुभयो।

Amit Shah – Punjab

गृहमन्त्री अमित शाहले आज पञ्जाबको गुरदासपुर जिल्लाको बटालामा विक्रमजीत सिंहको परिवारलाई भेट्नुभयो। विक्रमजीत सिंहको हालै लागूपदार्थ तस्करहरूले हत्या गरेको थियो। श्री शाहले राज्यमा लागूपदार्थ दुरुपयोगको विरोधका कारण हालै मानसा र संगरुरमा ज्यान गुमाएकाहरूका परिवारलाई पनि भेट्नु हुनेछ। यसैबीच, पञ्जाबका मुख्यमन्त्री भगवन्त सिंह मानले परविन्दर सिंह हत्या प्रकरण केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) लाई सुम्पने घोषणा गर्नुभएको छ। पञ्जाब भ्रमणका विषयमा गृहमन्त्री भन्नुहुन्छ.....

India – NewZealand FTA

भारत-न्यूजील्याण्ड मुक्त व्यापार सम्झौता आजदेखि लागू भएको छ। वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले नयाँ दिल्लीमा आयोजित कार्यक्रममा भन्नुभयो, यो सम्झौताले भारतीय किसानहरूलाई फलफूल, तरकारी, मसला र अन्य कृषि उत्पादनहरूको लागि फराकिलो बजार प्रदान गर्नेछ।

RSS – Mohan Bhagwat

राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) का प्रमुख डा. मोहन भागवतले पश्चिमबाट उत्पन्न लहरले भारत सहित विश्वभर शालीनता, संस्कृति र मानवताको मूल्यमान्यतालाई नष्ट गर्न खोजिरहेको बताउनुभएको छ। उहाँले भन्नुभयो, विकसित देशहरूले पनि यस लहरको प्रभावको सामना गरिरहेका छन् र असहाय महसुस गरिरहेका छन्। नागपुरको रेशमबाग मैदानमा आरएसएसको वार्षिक विजयादशमी समारोहमा बोल्दै, श्री भागवतले देश तोड्न खोज्ने शक्तिहरूले सुनियोजित रणनीतिका साथ काम गरिरहेको बताउनुभयो।

RSS – PM/HM

प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहले आज आरएसएस कार्यकर्ताहरूलाई यसको १०१ औं स्थापना दिवसमा बधाई दिनुभएको छ। सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले आरएसएसले सेवा, राष्ट्र निर्माण र सामाजिक सद्भावको उल्लेखनीय शताब्दी पूरा गरेको बताउनुभयो। गृहमन्त्री अमित शाहले आरएसएस स्वयंसेवकहरू "राष्ट्र-प्रथम" भावना र अटल प्रतिबद्धताका साथ भारत माताको सेवा गर्न समर्पित रहेको बताउनुभयो।

India Saudi Travel Advisory

जेद्दाहस्थित भारतीय वाणिज्य दूतावासले उडान अवरोधबाट प्रभावित भारतीय नागरिकहरू, विशेष गरी उमराह तीर्थयात्रीहरूका लागि नयाँ परामर्श जारी गरेको छ। दूतावासले जेद्दा, मदिना र दम्माम विमानस्थलहरू सञ्चालनमा रहेको जानकारी दिएको छ, यद्यपि केही उडानहरू अझै पनि अवरुद्ध छन्। जारी परामर्शमा विदेशी एयरलाइन्सहरू मार्फत वैकल्पिक यात्रा गर्न सकिने बताइएको छ।

Dusshera Greetings

अधर्ममाथि धर्मको विजय, असत्यमाथि सत्यको विजय र अहंकारमाथि मर्यादाको विजयको प्रतीक विजयादशमी आज देशभर मनाइँदैछ। यो पर्व देवी दुर्गाले महिषासुरमाथि गरेको विजयको सम्झनामा मनाइन्छ। यो पर्व भव्य नौ दिने नवरात्र र दुर्गा पूजा उत्सवको समापन पनि हो। राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले विजयादशमीको अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ।

Nepal-Bada Dashain

नेपालको सबैभन्दा ठूलो र महत्वपूर्ण पर्व बडा दशैं धार्मिक भक्ति र परम्परागत उत्साहका साथ मनाइँदैछ। महा नवमी पर्वको नवौं दिन काठमाडौँको ऐतिहासिक तलेजु भवानी मन्दिरका ढोकाहरू भक्तजनका लागि खोलिएका छन्। यो मन्दिर वर्षमा एक पटक मात्र खुल्ने गर्छ।

Sports News

अब खेल समाचारः भारतले जापानको आइची-नागोयामा आयोजित एसियाली पारा खेलकुदमा अहिलेसम्म नौ स्वर्ण, एघार रजत र पन्ध्र कांस्य सहित कुल ३५ पदक जितेको छ।

महिला क्रिकेटमा, भारत र जिम्बाब्वे बीचको तेस्रो तथा अन्तिम टी-२० खेल आज रायपुरमा खेलिंदैछ। खेल साँझ ७ बजे सुरु हुने बताइएको छ। हाल, भारतले शृङ्खलामा २-० को अग्रता लिएको छ।

**बुलेटिनका प्रमुख समाचार पुन: एक पटक**

- आतंकवाद यस क्षेत्रको शान्ति र विकासको लागि गम्भीर खतरा रहेको रक्षामन्त्री राजनाथ सिंहको भनाइ
- विदेशमन्त्री डा. एस. जयशंकर र अमेरिकी विदेशमन्त्री मार्को रुबियोबीच वार्ता
- भारत-न्यूजील्याण्ड मुक्त व्यापार सम्झौता आजदेखि लागू
- अनि भारतले जापानको आइची-नागोयामा आयोजित एसियाली पारा खेलकुदमा अहिलेसम्म नौ स्वर्ण, एघार रजत र पन्ध्र कांस्य सहित कुल ३५ पदक जित्न सफल